नगर कार्यपालिकाको
बैठक संख्या ३४,२०७९-२०८४
मिति २०८०।०८।०९ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३४, २०७९-२०८४)

मिति : २०८० मंसिर ९ गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिका, नगर कार्यपालिकाबाट मागमा आधारित तालिम कार्यक्रममा सहभागी हुनका लागि प्रकाशित सूचना बमोजिम संकलन गरिएका निवेदन र विधाका सम्बन्धमा आर्थिक विकास समितिले आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला र वडा कार्यालयसँग समेत समन्वय गरी कार्यक्रम छनौट एवं तालिम सञ्चालन गर्ने ।

३. कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुमा सञ्चालनमा रहेको आय लेखा र एकिकृत सम्पत्ति कर सम्बन्धी सफ्टवेयरहरुको नियमित सञ्चालनार्थ प्राबिधिक समस्याहरु समाधान गर्ने तथा मर्मत सम्भार सम्बन्धी कार्यका लागि सफ्टवेयर प्रायोजक श्री सांग्रीला इन्फरमेटिक्स प्रा.लि., काठमाडौं सँग गरिएको सम्झौताको म्याद चालु आ.ब. २०८०/०८१ सालका लागि थप गरी नियमानुसार भुक्तानी गर्ने ।

४. कोहलपुर नगरपालिकाको आवास, खानेपानी तथा सरसफाई घुम्ती कोष सञ्चालन कार्यविधि, २०८० मा संशोधन गर्ने ।

५. यस नगरपालिका भित्र रहेका निजी तथा सामुदायिक वन व्यवस्थापन गर्ने उद्देश्यका साथ तयार गरिएका देहाय बमोजिमका कार्यबिधिहरुमा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

क. सार्वजनिक जग्गामा बन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०
ख. निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०
ग. सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८०

६. लायन्स क्लब इन्टरनेशनलले यस नगरपालिका सँगको लागत साझेदारीमा वडा नं. १४ स्थित श्री राम माध्यमिक विद्यालय परिसर भित्र चमेना गृह निर्माण गर्ने बिस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार कुल लागत रु १,७१,९८,३१२ को स्थानीय तहले व्यहोर्नुपर्ने २५% ले हुने रकम रु.४२,९९,५७८।- विद्यालयलाई अनुदानस्वरुप उपलब्ध गराउने र सो रकम चालु आ.ब. २०८०/०८१ को समपुरक कोषबाट व्यहोर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर नगरपालिका
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३४, २०७९-२०८४
मिति २०८०।०८।०९ को
निर्णय प्रमाणित

७. विद्युत प्राधिकरणको कोहलपुर-सुर्खेत-दैलेख १३२ के.भि. प्रसारण लाइन आयोजनाले निर्माण गर्ने टावरको Right of Way भित्र पर्ने कोहलपुर न.पा. १० र १३ मा सम्बन्धित वडा कार्यालयबाट प्राप्त सिफारिसका आधारमा देहाय बमोजिम चलनचल्ती मूल्य रहेको सिफारिस गर्ने ।

वडा नं. १०(साविक चटार १क मा निर्माण गर्ने प्रसारण लाइनका टावरको Right of way भित्र रहेका)

| क्र.सं. | जग्गाको विवरण | चलनचल्ती मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| १ | पीच बाटोले छोएको | १,२०,००,००० |
| २ | ग्राभेल बाटोले छोएको | ९५,००,००० |
| ३ | कच्ची बाटोले छोएको | ८५,००,००० |
| ४ | खेति योग्य जग्गा | ८०,००,००० |

वडा नं. १३(साबिक चटार ५क मा निर्माण गर्ने प्रसारण लाईनका टावरको Right of Way भित्र रहेका)

| | | |
|---|---|---|
| १ | ग्राभेल बाटोले छोएको | २५,००,००० |
| २ | कच्ची बाटोले छोएको | २०,००,००० |
| ३ | खेति योग्य जग्गा | १५,००,००० |

८. यस कार्यालयको चार पाङ्ग्रे सवारी साधन टाटा सुमो पुरानो भई मर्मत सम्भारमा वर्षेनी ठुलो रकम खर्च गर्नु परेको र मिति २०८० साल मंसिर ६ गते उक्त गाडीमा पुन: विद्युत सर्ट भई बिग्रिएकोले र सोको मर्मतका लागि ठुलो रकम लाग्ने अवस्था देखिएकाले मर्मत गर्नुभन्दा लिलाम गर्न उपयुक्त हुने भन्ने मेकानिकल इन्जिनियरबाट निरीक्षण गराई प्रतिवेदन प्राप्त भएपछि उक्त सवारी साधन लिलाम बिक्री गर्ने प्रकृया अघि बढाउने ।

९. नगर कार्यपालिकाको कार्यालय प्रयोजनार्थ खरिद गरिएको भे.१झ. ३६८ को विद्युतीय गाडीमा स्वीकृत माग फाराम बमोजिम सामाग्री जडान तथा डेकोरेशन गरे वापत कार संसार डेकोर प्रा.लि. लाई भुक्तानी हुन बाँकी रकम रु रु.९३,९०३।- भुक्तानी दिने ।

१०. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/१२/१३ गतेको निर्णयानुसार मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधी, २०७८ बमोजिम यस नगरपालिकामा २०८० श्रावणदेखि २०८० कार्तिक मसान्तसम्म पेश भएका निवेदनहरुको नगरपालिकाको चालु आ.ब. मा बिनियोजित बजेटको मिल्दोजुल्दो शीर्षकबाट सापटी लिई भुक्तानी दिने र सो को सोधभर्नाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरी पठाउने ।



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३४, २०७९-२०८४
मिति २०८०।०८।०९ को
निर्णय प्रमाणित

११. यस नगरपालिकाको चालु आ.ब. २०८०/०८१ मा कार्यान्वयन गर्ने गरी नगरसभा वा कार्यपालिकाको निर्णयबाट छनौट गरिएका पूर्वाधार निर्माणका योजना बाहेक अन्य चालु तथा पुँजिगत प्रकृतिका रु ३ लाखसम्मका कार्यक्रमहरु सम्बन्धित वडा समितिबाट निर्णय गराई वडा सचिवले प्रस्तावना स्वीकृति एवं सम्झौता गर्ने प्रबन्ध गर्ने र सो भन्दा माथिका कार्यक्रमहरुको कार्यान्वयन, प्रस्तावना स्वीकृति एवं सम्झौता गर्ने कार्य नगरपालिकाको सम्बन्धित विषयगत शाखाबाट गर्ने ।

१२. कोहलपुर नगरपालिका भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिस बमोजिम वडा नं. ८ मा भूमि सम्बन्धी जग्गा नापजाँच कार्यमा सहयोगीको रुपमा काम गर्ने देहायका चेनमेनहरुको २०८० असार देखि भाद्र महिनासम्मको तपसिल अनुसार कामकाज गरेको ज्याला भूमि आयोगको बजेटबाट खर्च हुने गरी भूक्तानी गर्ने ।

| क्र.सं. | कामदारको नाम थर | असार | श्रावण | भाद्र | जम्मा काम गरेको दिन | दर |
|---|---|---|---|---|---|---|
| १ | प्रहलाद थारु | १९ | २८ | १४ | ६१ | ५९० |
| २ | बिनोद बुढाथोकी | १९ | २८ | १४ | ६१ | ५९० |

१३. यस नगरपालिका अन्तर्गत रहेको नगर स्वास्थ्य प्रबर्धन केन्द्रमा जन स्वास्थ्य निरीक्षक(अधिकृत छैठौं) तहमा कार्यरत श्री बिजय रखाली(क.सं.नं. २०५७५६) ले चिकित्सा शिक्षा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रममा भर्नाका लागि लिइने एकीकृत प्रवेश परिक्षामा सहभागी हुन अध्ययन पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेकोमा निजलाई माग बमोजिमको कार्यक्रममा सहभागी हुन पूर्वस्वीकृति प्रदान गर्ने ।

१४. सामुदायिक सेवा केन्द्र कोहलपुरद्धारा सञ्चालित सामुदायिक रेडियो कोहलपुर एफ. एम. १०१.५ मेगाहर्ज, कोहलपुर ११, बाँकेले स्तरोन्नति एवं सहयोगका लागि माग गरेकोमा भैपरी आउने पुँजिगत खर्चबाट भुक्तानी गर्ने गरी रु.१ लाख ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

१५. प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) को कोहलपुर नगरपालिका वडा नं. २ स्थित कार्यालय रहेको भवनमा स्वास्थ्य तर्फको कार्यक्रमहरु डिप्लोमा इन फार्मेसी, डिप्लोमा इन एच. ए, डिप्लोमा इन रेडियोग्राफी समेतका लागि आंगिक प्राबिधिक शिक्षालय सञ्चालनका लागि आवश्यक सहयोग गरिदिनु हुन प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) लाई अनुरोध गर्ने ।



पालकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३४, २०८०-०८१
मिति २०८०।०८।१९ को
निर्णय प्रमाणित

१६. कोहलपुर वाङ्मय प्रतिष्ठान ऐन, २०७९ को दफा ७ बमोजिम देहायका क्षेत्रगत विधा एवं समूहको प्रतिनिधित्व गर्ने गरी अध्यक्ष एवं सदस्य पदाधिकारी रहने गरी वाङ्मय सभा गठन गर्ने ।

| | |
|---|---|
| क. केशव सिग्देल | अध्यक्ष |
| ख. अन्जु न्यौपाने | आख्यान, महिला |
| ग. वीरेन्द्र सिंह | गीत संगित |
| घ. सुमित्रा न्यौपाने | स्थानीय साहित्यिक संस्था, महिला |
| ङ. राम सहाय प्रेमी | नाटक मधेशी |
| च. सागर गैरे | साहित्य |
| छ. खोपीराम वली | समालोचना |
| ज. उत्सव काफ्ले | अनुवाद |
| झ. शेखर दहित | अनुवाद थारु |

१७. सडक बोर्डबाट यस नगरपालिका भित्र सञ्चालित योजनाहरुको हाल समपुरक कोषबाट सापटी लिई भुक्तानी गर्ने र सम्बन्धित योजनाको रकम प्राप्त भएपछि शोधभर्ना गर्ने ।

१८. यस नगरपालिका चालु आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक निती तथा कार्यक्रम अनुसार मेयर कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खर्च शीर्षकमा विनियोजित रकमबाट राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सञ्चालनका लागी ५०% पेश्की रकम उपलब्ध गराउने ।

१९. नेपाल सरकार सङ्घीय सशर्त बजेटमा पशु चिकित्सक प्राबिधिकको लागि बजेट प्राप्त भई कार्यरत कर्मचारीले पेश गरेको राजिनामा २०८०/०८/०६ देखि लागु हुने गरी स्वीकृत भई उक्त पद रित्त रहेकाले सो पदमा कृषि तथा पशुपन्छी मन्त्रालयले जारी गरेको स्थानीय तहमा कृषि स्नातक प्राबिधिक परिचालन कार्यबिधी, २०८० बमोजिम हुने गरी पदपूर्तिको प्रक्रिया अगाडी बढाउने ।

२०. यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा, उपशाखा, वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुबाट चालु आ.ब.को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमा उल्लेख भएका कार्यक्रमहरुको वार्षिक खरिद योजना स्वीकृत गर्ने र सबैले तोकिएको खरिद योजना बमोजिम समय मै कार्य सम्पन्न गर्ने ।

२१. कोहलपुर नगरपालिका वडा नं. २ महेन्द्र राजमार्ग कृषि हाटबजारबाट पूर्व बिराटेश्वर मन्दिर ओम शान्ती पूर्व गेट हुँदै रत्न राजमार्ग सालको बुट्टा सम्म जोड्ने बाटोको बिस्तृत परियोजना प्रतिवेदन(DPR) सहित रु. ५ करोड रहेकोमा उक्त योजनाको लागि सङ्घीय सरकारबाट हाल रु. २० लाख बजेट विनियोजन भई योजना



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३४, २०७९-२०८४
मिति २०८०।०८।०९ को
निर्णय प्रमाणित

कार्यन्वयनमा रहेकोमा उक्त योजनालाई बहुवर्षीय योजना कायम गरिदिन सम्बन्धित निकायलाई सिफारिस गर्ने।

२२. कोहलपुर नगर विपद व्यवस्थापन समितिको मिति २०८० कार्तिक २० गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

२३. महिला तथा बालबालिका शाखा मार्फत वितरण गरिने विभिन्न परिचयपत्र वितरणका नेपाल सरकारको सामाजिक सुचना व्यवस्थापन प्रणाली सञ्चालनका लागि भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट भुक्तानी गर्ने गरी एक थान प्रिन्टर खरिद गर्ने ।

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत